कार्यक्रम संख्या १

# हिमाली गाउँपालिका

हिमाली गाउँपालिकाको नर्सरी व्यवस्थापन कार्यक्रम २०७५

**सभा बाट स्वीकृत मिति : –**

**हिमाली गाउँपालिका**

**धुलाचौर,बाजुरा**

**७ नं प्रदेश, नेपाल**

१ प्रस्तावित कार्यक्रमको नाम :- नर्सरी व्यवस्थापन  कार्यक्रम  ।

२ कार्यक्रम सँञ्चालन हुने स्थान :- हिमाली गाउँपालिका वडा नं. १ देखि ७ सम्म  ।

३  कार्यक्रमको परिचय :-

यस कार्यक्रमको नाम नर्सरी व्यवस्थापन रहने छ । यस हिमाली गाउँपालिकाको प्रत्येक  वडामा नर्सरी व्यवस्थापन गरी खाली रहेको ठाउमा बृक्षारोपण गरी हरियाली सुन्दर हिमाली गा.पा. बनाउने यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ । यस गाउँपालिकाको प्रत्येक वडामा १ वा २ वटा नर्सरी स्थापना गर्ने र सोही वडा बाट १ वा २ जना नर्सरी नाइके छनौट गरिने छ । छनौट भएका नाइकहरुलाई पहल कार्यक्रम सँग साझेदारी गरी प्रविधिक तालिमको व्यवस्था गर्ने । सो अनुसार पहल कार्यक्रम र गाउँपालिकाको समन्वयमा यस हिमाली गाउँपालिका अन्तरगत वडा नं ५र २ माबृहत आधुनिक नर्सरीका लागी साझेदारी गर्ने साझेदारी भए बमोजिम बिषय गत शाखा नर्सरी व्यवस्थापनको शिर्षकमा विनियोजित रकम मध्ये १,०००००। (अक्षरुपि एकलाख) साझेदारी कार्यक्रमा लगानी गर्ने । सो लगानी डोगडी नर्सरीमा गर्ने र वडा नं २ जयबागेश्वरिमा गाउँपालिकाको मइचिङफोन्ड बाट लगानि गर्ने ।अन्य वडाहरुमा गा.पा.को रकमबाट नर्सरी स्थापना गरिनेछ ।  यस कार्यक्रमले गाउ बस्ती हरियाली बनाई नर्सरी नाईकेको पनि व्यवसायिक रुपमा आर्थिक उन्नती हुनेछ ।

४ कार्यक्रमको यदेश्य :-

(क) हरियाली बातावाण सृजना गर्ने ।

(ख) व्यवसायिक रुपमा आर्थिक बृदि गर्ने ।

(ग) पहिरो लाग्न बाट बच्न ।

(घ) काठ सम्बन्धी कच्चा पर्दाथ स्थानिय स्तरमा उपलब्धता गर्ने ।

(ङ) पानीको श्रोत उपलब्धतता हुनेछ । ।

५ कार्यक्रम अवधि :- योकार्यक्रम २०७५ देखि २०७६ अषाढ मसान्त सम्मका लागी

१ कार्यक्रम सँचालन गर्ने निकाय :- यस कार्यक्रम कार्यन्वयन गर्ने निकाय हिमाली गाउँपालिकाको कार्यालय रहनेछ ।

२ कार्यक्रम कार्यन्वयन बिधि :- यस कार्यक्रमको कार्यन्वयनका लागी तपसिलका बिधि अपनाईनेछ ।

(क) नर्सरी व्यवस्थापन कार्यक्रम गर्नका लागी नर्सरी नाइके बिचमा एउटा सहजिकरण समिति गठन गरिनेछ सो समितिले एक अर्को ठाउमा गई अनुगमन तथा एक आपसमा

सहजीकरण गर्नृ छ । यस समितिले गाउँपलिकाको मातहातमा रही प्रबिधिक इस्टमेटका आधारमा टनेला देखि अन्य कार्य गरेको हुनेछ नर्सरीमा बिरुवा उत्पादन गरी यस छेडेदह गाउँपालिका भित्रको` खालि ठाउ र सार्वजनिक खाली ठाउ तथा बन भित्र बिरुवा बृक्षारोपण गराउने कार्य बिषयगत शाखा, नर्सरी नाइके एंव अन्य सरोकारवालााको जिम्मेबारी रहने छ ।

(ख) नमुना नर्सरी छनोट कार्यक्रम :-

यस हिमाली गाउापालिका १ देखि ७ वटा वडाका नर्सरी लाई अनुगमन गरी राम्रो काम गर्ने लाई पुरुस्कार व्यवस्था गर्ने छ । अनुगमन गर्दा नर्सरी नाईकेको मासिक प्रतिवेदन वा प्रबिधिक मुल्याङ्कनका आधारमा छनोट गरिनेछ ।

““ अनुगमन तथा मुल्याङ्कन ””

कार्यक्रमको परिचालन तथा प्रभावकारिताका लागी सम्बन्धित वडामा नब र्निवाजित पदाधिकारी को रोहबरमा ३ सदस्यि समिति गठन गरिनेछ ।उक्त समितिले प्रतेक महिनाको १पटक स्थलगत नर्सरीको निरक्षण गरि वडा कार्यलय मार्फत गाउँपालिकामा मासिक प्रतिवेदन पेश गरिनेछ ।

““ अनुगमन समिति””

१) सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेका वडा सदस्य सयोजक

२)कृषि बिकास शाखाका शाखा प्रमुख सदस्य

३) वडा सचिव सदस्य

““ कार्यक्रमको उपलब्धि ””

यस कार्यक्रमले निम्न लिखित उपलब्धिहरु टोल बस्तीमा भएको हुनेछ ।

(क) खाली रहेको निजि तथा सार्वजनिक ठाउमा बृक्ष्यारोपण भएको हुनेछ ।

(ख) बातावरण सफा सुन्दर र हरियाली भएको हुने ।

(ग) आगामि ५ बर्ष भित्र पहिरो न्यूनिकरण भई पानीको मुहानको बृदि बिकास भउको हुनेछ ।

(घ) फलफुलका बोट बाट कुपोषित बच्चाहरुमा पोषण समेत पुगेको हुनेछ ।

(ङ) हरियाली बस्ती र्निमाण हिमाली गाउँपालिका को अभियान कार्य सम्पन्न भएको हुनेछ ।

"" कार्यक्रमको बिस्तृत बजेट बिवरण ""

| क.स | कार्यक्रम | इकाई | दर | जम्मा |
|---|---|---|---|---|
| १ | पलाष्टिक टनेल खरिद | ४ वटा | १५०००। | ६००००। |
| २ | पलाष्टिक पाइप | ४ कवाइल | ४०००। | १६००० |
| ३ | पोलिथिन | २०००० | १ | २००००। |
| ४ | पलाष्ट्रिक हजारी | ४ थान | १००० | ४०००। |
| ५ | व्यवस्थापन खर्च | | | २०००० |
| ६ | बैठक भत्ता | ४ | १००० | २८०००। |
| ७ | प्रस्ताव लेखन | १ | ४५००। | ४५००। |
| ८ | बिऊँ खरिद | | | २०००००। |
| ९ | घर निर्माण | ४ | १००००। | ४००००। |
| १० | जाली खरिद | | | १५००। |
| ११ | पुरस्कार | | | ८००० |